# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, बैशाख २८ गते, २०८० साल (अतिरिक्ताङ्क ०७

## भाग ३

गण्डकी प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना**

गण्डकी प्रदेश सरकारले "गण्डकी प्रदेश मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" को दफा १५ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूची ३ मा देहाय बमोजिम हेरफेर गरेको छः-

१. अनुसूची ३ को सट्टा देहायको अनुसूची ३ राखिएको छः-

## अनुसूची-३

(दफा ११ सँग सम्बन्धित)

**मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी**

| क्र.सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव (रा.प.द्वितीय सरह) | १ | - | - | - |
| २ | स्वकीय सचिव (रा.प.तृतीय सरह) | १ | १ | १ | १ |
| ३ | स्वकीय सचिव (रा.प.अनं. प्रथम सरह) | १ | १ | १ | १ |
| ४ | हलुका सवारी चालक (सहायक दोस्रो तह) | १ | - | - | - |
| ५ | कार्यालय सहयोगी (सहायक प्रथम तह) | २ | १ | १ | १ |

**द्रष्टव्यः**

१. निजी सचिवालयका कर्मचारीहरूले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन्। नियुक्ति भएको छ महिना पुगेपछि वर्षको एकपटक सुरु स्केलको एक महिनाको तलब बराबरले हुन आउने रकम चाडपर्व खर्च बापत पाउनेछन्।
२. निजी सचिवालयका कर्मचारीहरूले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरूको बैङ्क खातामा उपलब्ध गराइनेछ।
३. मुख्यमन्त्रीको हकमा सुरक्षा प्रयोजनको लागि थप एक सवारी साधन उपलब्ध गराइनेछ।

आज्ञाले,
बिनोद बहादुर कुँवर
प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु १०।-